अनुसूची–२

(दफा ४ तथा अनुसूची– १ को भाग –२ संग सम्बन्धित)

साँफेबगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड –०३ संख्या –०३ मिति : २०७६/०९/२४

## भाग –०२

## साँफेबगर नगरपालिकाको मर्मत सम्भार कोष संचालन कार्यविधि –२०७६

आज्ञाले ,

लक्ष्मी प्रसाद शर्मा

नि. प्रमुख प्रशासकीय अधिकृत

# साँफेबगर नगरपालिकाको मर्मत सम्भारकोष संचालनकार्यविधि–२०७६

**प्रस्तावना :**

यस साँफेबगर नगरपालिकामा रहेका सवारी साधन, कार्यालय सामाग्री तथा उपकरण, भौतिक पूर्वाधारको समयमा नै मर्मत संम्भार गरि लागत प्रभावकारीताका माध्यमले खर्च मितव्यीता र दिगो बनाउन आवश्यक भएको, मर्मत संम्भारलाई व्यवस्थित गरि नियमन गर्न र जवाफदेही बनाउन बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को तफा १०२ को उप दफा (१) बमोजिमसाँफेबगरनगरपालिकाले यो कानून बनाई लागु गरेको छ ।

## परिच्छेद :–१
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

क) नाम : कार्यवधिको नाम साँफेबगर नगरपालिकाको मर्मत सम्भारकोष संचालनकार्यविधि २०७६ रहेको छ

ख) प्रारम्भ “यो कार्यविधिस्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ” ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्भन्नु पर्दछ ।

(ख) “नगरपालिका” भन्नाले साँफेबगर नगरपालिकालाई सम्भन्नु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले साँफेबगर नगरपालिकाको कार्यपालिकालाई सम्भन्नु पर्दछ ।

(घ) “कार्यालय” भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्भन्नु पर्दछ ।

(ङ) “मर्मत सम्भार” भन्नाले साँफेबगर नगरपालिकाको स्वामित्वमा रहेको कार्यालय तथा योजनाका सामग्री, उपकरण, सवारी साधन र भौतिक पूर्वाधार लाई सम्भन्नु पर्दछ ।

(च) “शाखा” भन्नाले” साँफेबगर नगरपालिका अन्तर्गत रहेको शाखाहरुलाई सम्भन्नु पर्छ ।

(छ) “समिति” भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्भन्नु पर्छ ।

(ज) “उपभोक्ता समिति” भन्नाले “योजना/परियोजनाबाट प्रत्यक्ष लाभान्वित जनसहभागिता मुलक पुर्वाधार विकास तथा निर्माणका लागि नगरपालिकामा दर्ता भएको समितिलाई सम्भन्नु पर्छ ।

(झ)“आर्थिक वर्ष” भन्नाले श्रावण १ गते देखि शुरु भई आषाढ मसान्तमा समाप्त हुने बर्षलाई सम्भन्नुपर्दछ ।

(ञ) “सभा” भन्नाले नगरपालिकाको नगर सभालाई संम्भन्नु पर्दछ ।

(ट) “प्रमूख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिका कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा काम गर्न खटाईएको अधिकृतलाई संम्भन्नु पर्दछ ।

(ठ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्भन्नु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य :**

यस साँफेबगर नगरपालिकाको स्वामित्वमा रहेका कार्यालय तथा योजनाका सामग्री, उपकरण, सवारी साधन र भौतिक पूर्वाधार लाई व्यवस्थित रुपले मर्मत सम्भार गरि भविष्यमा हुने ठुलो क्षतिबाट जोगाउन एवं व्यवस्थित रुपले संचालन गर्न निम्न उद्देश्य रहेको छ ।

क) नगरपालिका कार्यालयमा रहेका सामग्री, उपकरण र सवारी साधनको समयमै उचित र लागत प्रभावकारीता अर्थात मितव्ययी रुपले दिगो उपयोग हुने गरि मर्मत गराउने ।

ख) नगरपालिका भित्र रहेका सडक बाटो, खानेपानी, कल्भर्ट, पाटी पौवा, पुल पुलेसाको मर्मत संम्भार गरि सेवा प्रवाहलाई निरन्तरता दिने ।

(ग)उपभोक्ता समिति लगायत सरकारी तथा गैर सरकारी निकायहरु बाट निर्माण भए गरेका योजनाहरुमा स्थानीय स्रोत साधनको व्यवस्थित परिचालन र जनसमुदायको अपनत्व वृद्धि गर्ने ।

**४.कार्यविधिको प्रयोगकर्ता :**

खासगरी यस कार्यविधिको प्रयोगकर्ता साँफेबगर नगरपालिका नै भए पनि पुर्वाधार निर्माणका हकमा नागरिक संघ/संगठन, उपभोक्ता समिति,गैर सरकारी संस्था, निर्माण व्यवसायी समेत रहने छन ।

## परिच्छेद २

## मर्मत सम्भार कोषको व्यवस्था र संचालन

**५. मर्मत सम्भार कोष स्थापना**

(१) साँफेबगर नगरपालिका कार्यालय तथा योजनाका सामाग्री, उपकरण, सवारी साधन र भौतिक पूर्वाधारको मर्मत संम्भार गरि प्रयोगमा ल्याउनका लागि एक “मर्मत सम्भार कोष” को व्यवस्था गर्नेछ ।

(२). विनियम (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन् :

(क) मर्मत सम्भार कोषका लागि हालसम्म छुट्याईएको सम्पूर्ण रकम,

(ख) प्रत्येक आर्थिक वर्षमा नगर सभाले विनियोजन गरेको रकम,

(ग) कुनै व्यक्ति वा संस्था वा निकायद्वारा कोषलाई प्राप्त हुने सहयोग वा अनुदान रकम,

(घ) नेपाल सरकारका निकायबाट प्राप्त विनियोजित रकम,

(ङ.) अन्य विविध श्रोतबाट प्राप्त रकम ।

(३) “मर्मत सम्भार कोष”को छुट्टै खाताबाट आर्थिक कारोबार सञ्चालन गरिनेछ ।

(४) “कोषको खाता सञ्चालन” कोषको आर्थिक कारोबारको लागि प्रमूख प्रशासकीय अधिकृत तथा निजले तोकेको अन्य कर्मचारी र लेखा अधिकृतको संयुक्त दस्तखतबाट खाता सञ्चालन"हुने गरि साँफेबगर नगरपालिका मर्मत सम्भार कोष” नामक खाता राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्थामागरिनेछ ।

**६. कोषको प्रयोग :**

साँफेबगर नगरपालिकाले स्थापना गरेको मर्मत सम्भार कोषको प्रयोग देहाय अनुसारका काममा मात्र गरिनेछ ।

क) कार्यालयका सामग्री, उपकरण तथा सवारी साधन मर्मत गराउन,

ख) नगरपालिका भित्रका पूर्वाधारहरु आपत्कालिन तथा नियमित रुपमा मर्मत संम्भारको कार्य गर्न गराउन,

ग) नगरपालिका भित्रका पूर्वाधारको अवस्थाको समय समयमा निरीक्षण अनुगमन गरि मर्मत संम्भारका लागि आवश्यक सुझाव दिन ।

घ सार्वजनिक बाटो, पूल, पुलेसा प्रति सकारात्मक धारणा, सम्मान, मर्यादा र दायित्व वोध बारे जनचेतना अभिवृद्धि गराउन,

## परिच्छेद-४

## कार्यान्वयन व्यवस्था र समितिको गठन

**७.कार्यान्वयन व्यवस्थापन :** मर्मत संम्भार कोष मार्फत मर्मत सम्भारको कार्य निम्न अनुसार गरिनेछ ।

(१) कार्यालयका सामग्री, उपकरण र सवारी साधनको हकमा सम्बन्धित जिम्मेवार कर्मचारीले शाखाबाट माग गराई मर्मत सम्भार समितिको निर्णय अनुसार गर्नु पर्नेछ ।जसमा रु. ३ लाख सम्म प्रमूख प्रशासकीय अधिकृत, ३ देखि ५ लाख सम्म नगर प्रमुख र सो भन्दा माथि नगर कार्यपालिकाको स्वीकृतिमा मर्मत सम्भार गरिनेछ ।

(२) नगरपालिकावाट वा अन्य निकाय संगको साझेदारीमा सम्पन्न भएका पूर्वाधारहरुको मर्मत संम्भारका लागि सम्बन्धित शाखा वा लक्षित उपभोक्ता समिति, नागरिक संघ संगठनको मागको आधारमा मर्मत सम्भार समितिबाट निरीक्षण अनुगमन र निर्णय सहितको सिफारिसबाट ३ लाख सम्म प्रमूख प्रशासकीय अधिकृतको स्वीकृतिमा, ३ देखि ५ लाख सम्म नगर प्रमुखको स्वीकृतिमा उक्त योजना संग सम्बन्धित समुह, समिति, संघ संस्थाको न्यूनतम २० प्रतिशत साझेदारीमा मर्मत संम्भार गराईनेछ ।

(३) ५ लाख भन्दा माथिको सार्वजनिक खरिद नियम अनुसार कार्यपालिकाको स्वीकृतिमा हुनेछ ।

४) नगरपालिकाले ५ लाख भन्दा माथिको मर्मत संम्भारको भुक्तानी गर्दा अनुमगन समितिको सिफारिस अनिवार्य हुनेछ ।

५) मर्मत सम्भार गर्नु पर्ने साधनको जिम्मेवारी पाएको कर्मचारीले शाखामा निवेदन दिने, उक्त निवेदनमा के गर्नु पर्ने हो सो कार्य कति समयका लागी उपयुक्त हुन सक्छ भनी मेकोनिकलको सिफारिस भए पछि मर्मत सम्भार समितिमा पेश गरि निर्णय बमोजिम गरिने बमोजिम छ तर मोटरसाईकलको हकमा साधन प्रयोगकर्ता कर्मचारी तथा पदाधिकारीहरुले रु ५०००। सम्मको मर्मत गर्नु पर्ने भए स्वयले नै गर्न पाउने छ ।

**८.समितिको गठन :**

(१) साँफेबगर नगरपालिमा मर्मत सम्भार कार्यको व्यवस्थापनका लागि देहाय अनुसारको समिति गठन गरिनेछ ।

(२) दफा ८(१) बमोजिम गठित समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्य रहनेछन् :

(क) कार्यपालिकाले तोकेको १ जना कार्यापालिका सदस्य- संयोजक

(ख) नगर प्रमुखले तोकेको १ जना निर्वाचित महिला सदस्य- सदस्य

(ग) सार्वजनिक खरीद तथा सम्पत्ति व्यवस्थापन उप शाखा प्रमुख -सदस्य

(घ) नगरप्रमूखले तोकेको प्रशासनिक कर्मचारी -सदस्य

(ङ) योजना अनुगमन तथा तथ्यांक शाखा प्रमुख -सदस्य सचिव

(३) समितिमा आमन्त्रित गर्न सकिने : यस कार्यबिधि बमोजिम गठित समितिको नियमित बैठकमा काम संग सम्बन्धित कुनै पनि व्यक्ति वा संस्थाको प्रतिनिधिलाई आवश्यकता अनुसार आमन्त्रित गर्न सकिनेछ ।

**(४) मर्मत अनुगमन समिति तपसिल अनुसार रहनेछ ।**

१) नगर उप प्रमुख संयोजक

२) नगर प्रमुखले तोकेको एक जना सदस्य

३) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

(५) मर्मत सम्भारको भुक्तानी र्मगत सम्भार अनुगमन समितिवाट सिफारिस भएपछि मात्र नियमानुसार भुक्तानी गरिनेछ ।

९. सदस्यको पदावधि :

यस समितिका सदस्यहरुको पदावधि ५ वर्षको हुनेछ ।

१०. समितिको बैठक :

(१) समितिको बैठक प्रत्येक त्रैमासिक वा आवश्यक परेमा जुनसुकै बखत पनि बस्न सक्नेछ ।

(२) समितिको बैठक संयोजक संग परामर्श गरी सदस्य-सचिवले बोलाउनेछ ।

(३) संयोजकको अनुपस्थितिमा बैठक बस्न नसक्ने अवस्था भएमा निर्वाचित महिला सदस्यको संयोजकत्वमा बसी आवश्यक निर्णय लिन सकिनेछ ।

तर यस किसिमको बैठकबाट भएको निर्णयहरुलाई पछिल्लो बैठकमा जानकारीका लागि सदस्य सचिवले अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

**११. समितिको काम, कर्तव्य र अधिकार :** मर्मत संम्भार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) ऐन र नियमावली अनुसार मर्मत सम्भार कोषको खातामा जम्मा गर्नु पर्ने रकम समयमा नै जम्मा गर्ने व्यवस्था मिलाउने ।

(ख) मर्मत सम्भार कोषको लागि वार्षिक रुपमा आवश्यक पर्ने बजेट, आय क्षेत्र र खर्च हुने रकमको कार्ययोजना बनाई कार्यपालिका मार्फत नगर सभामा पेश गर्ने ।

(ग) कोषमा आवश्यक पर्ने रकम जुटाउने तर्फ आवश्यक पहल गर्ने ।

(घ) कार्यालयमा विभिन्न फाँटवाट मर्मत सम्भारका लागि आएका मागको निरीक्षण गरी मितव्यीता हुने र नगरपालिकालाई हानी नहुने विषयलाई मध्यनजर गरि आवश्यक निर्णय र सिफारिस गर्ने ।

(ङ.) मर्मत सम्भारका लागि आवश्यक पर्ने कार्य तथा बाटो पुल, पुलेसा र सडकको विवरण संकलन गर्ने ।

(च) मर्मत सम्भारका लागि आवश्यक पर्ने कार्य तथा बाटो पूल, पूलेसा र सडकको विवरण कुन प्रकृया वाट मर्मत सम्भार गर्दा कम लागतमा वढी प्रभावकारीता हुने हो सोको विश्लेषण गरि आवश्यक सिफारिस गर्ने ।

(छ) कार्यान्वयन तथा प्राविधिक सुपरीवेक्षणको व्यवस्थामा सहयोग गर्ने ।

(ज) नगर क्षेत्र भित्रका सडक, ढल, फुटपाथ, सार्वजनिक स्थल आदिको अवस्था अध्ययन गरी म्यापिङ्ग गर्ने ।

(झ) सडक, ढल, पुरातात्विक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रहरुको नियमित मर्मत सम्भार, स्तरोन्तीको सम्बन्धी व्यवस्थापकीय कार्यहरु गर्ने ।

(ञ) नगर भित्रका भौतिक पुर्वाधार विकासको नियमित, मर्मत सम्भार, स्तरोन्ती कार्यलाई प्रभावकारी बनाउन सम्बन्धीत सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरी कार्य गर्ने ।

(ट) मर्मत सम्भार कार्यहरुको नियमित अनुगमन, मुल्यांकन गरी नियमित रुपमा कार्यपालिकामा प्रतिवेदनहरु पेश गर्ने ।

ठ) साधन श्रोत मर्मत सम्भार गर्दा पाटपुर्जा मर्मत वा नया जडान गरिएका भए सो साधनका पुराना वा फेरीएका पाटपुर्जा वा सरसमान न.पा को जिन्सी शाखामा दाखिला गर्ने व्यवस्था मिलाउने ।

**१२. अनुगमन तथा मूल्यांकन विधि :** देहायका विधिहरु अवलम्बन गरी अनुगमन तथा मूल्यांकन गरिनेछः

- सूचकहरुको पहिचान र तयारी,
- सूचकहरु तथा प्रतिवेदनहरुको विश्लेषण,
- स्थलगत भ्रमण र अध्ययन ,
- टेलिफोन सम्पर्क,
- औपचारिक र अनौपचारिक भेटघाट र छलफल,
- अन्तरवार्ता तथा प्रश्नावली फारम,
- कार्यदलको गठन,
- गोष्ठी संचालत तथा अतरक्रिया,
- अन्तरवार्ता तथा प्रश्नावली फारम,
- प्रतिवेदन तयारी ।

# परिच्छेद-५

## मर्मत सम्भार कार्यनीति र प्राथमिकता

१३. कार्यनीति :

यस कार्यविधि अनुसार मर्मत सम्भार कार्यलाई मितव्यीय, दिगो र समुदायको अपनत्व बनाउनका लागि देहाय कार्यनीतिहरु अबलम्बन गर्नेछ ।

(१) मर्मत सम्भार कार्य गर्दा विकेन्द्रित, श्रमप्रदान वा कामदारहरुलाई सोझै प्रयोग गरी वा उपभोक्ता समितिको माध्यमबाट अथवा व्यक्तिलाई ठेक्का दिएर गराउने ।

(२) मर्मत सम्भार कार्य गर्दा श्रममूलक स्थानीय नेतृत्व तथा श्रोतमुखी, वातावरणमैत्री प्रविधि प्रयोग गरी सहभागितात्मक प्रक्रियाबाट र हरित सडकको अवधारणा अवलम्बन गर्न प्रयास गर्ने ।

(३) स्थानीय नागरिकहरुको ज्ञान, सीप, अनुभव र योग्यतालाई विकास कार्यमा उपयोग गर्ने ।

(४) प्रत्येक वर्ष मर्मत सम्भारका कार्यहरुको लागि आवश्यक सूची तयार गरी गर्दा सम्भाव्य वाढी, कटान पटान क्षेत्र लगायतका अन्य जोखिमपूर्ण स्थानहरुका साथै सार्वजनिक यातायातलाई सूचारु गर्नु पर्ने जस्ताकुराहरुलाई बढी ध्यान दिई यस किसिमको कार्यलाई सहज र सरल बनाउने ।

(५) सडक लगायतका पूर्वाधारहरुको निर्माणकार्य सम्पन्न भएपछि लाभान्वित क्षेत्रका उपभोक्ता समितिवाट मर्मत सम्भार कार्य गर्ने प्रतिवद्धता सहितको जिम्मेवारी दिने ।

(६) नियमित मर्मत सम्भार कार्य सदैव चालु रहने छ । तर वर्षातको समयमा थप व्यवस्था गरिनेछ ।

(७) आकस्मिक मर्मत सम्भारको हकमा आवश्यकता अनुसार गरिने छ तर बजेटको व्यवस्था भने गतवर्षको अनुभव र खर्चलाई आधार मानी तय गरिनेछ ।

(८) रोकथाम मूलक मर्मत सम्भारका हकमा भने संभावित जोखिमलाई हेरी श्रोतको आधारमा आर्थिक वर्ष भित्र कुनै समयमा पनि रोकथाममूलक मर्मत सम्भारको कार्य गरिनेछ ।

**१४. प्राथमिकताक्रम :**

मर्मत सम्भार कार्यको प्राथमिकता तोक्ने काम मर्मत सम्भार समितिले प्राप्त तथ्यांक र वस्तुस्थितिका आधारमा गर्ने भएता पनि साधारणतया

उपलब्ध साधन र श्रोत समेतलाई ध्यान दिदै निम्न प्राथमिकताका आधारमा प्राथमिकता तोकी कार्यसञ्चालन गरिने छ ।

क) आकस्मिक मर्मत सुधार,

ख) नियमित मर्मत सम्भार

ग) पटके मर्मत सुधार

घ) आवधिक मर्मत सम्भार

ङ.) रोकथाममूलक मर्मत सम्भार

क) आकस्मिक मर्मत सम्भार (Emergency Maintenance)

- आकस्मिक ट्राफिक सञ्चालन व्यवस्थापन,
- भु-क्षय तथा अवरुद्ध सडक खोल्ने कार्य
- भत्केको इम्वान्कमेन्ट (Embankment) तथा कट स्लोप (cut slope) मर्मत कार्य
- डाईभर्सन निर्माण
- पुल पुलेसाको आकस्मिक मर्मत संभार
- विग्रेका सवारी साधन तथा उपकरण र कार्यालय सामाग्री

ख) नियमित मर्मत सम्भार अन्तरगत : सडक किनाराको ढल, कल्भर्ट, पूल आदिको सफाई, ढललाई सामान्य रुपमा फेरबदल आदि,

- सडक सतह सफाई,
- सडक किनाराको मर्मत सम्भार,
- सडक सतह र छेउछाउ वरपर उम्रेको घाँस तथा झारपातको सफाई,
- सामान्य खालको पहिरो वा भूस्खलन पन्छाउने,
- सडकमा राखिएका अन्य संरचना को सफाई गर्ने ।
- नगरपाकिलाका मुख्य तथा वडा कार्यालय भवनहरु

ग) पटके मर्मत सम्भार अन्तरगत :

- नाली मर्मत कार्य
- कल्भर्ट, सतह नाली मर्मत कार्य
- सडक किनारा मर्मत कार्य
- सडकमा राखिएका अन्य संरचनाको मर्मत कार्य,
- खाल्डा खुल्डी र प्वालहरु टालटुल
- फाटेको तथा फुटेको ठाउमा टालटुल
- सडक किनारा मर्मत
- नगरपालिकाको स्वामीत्वमा रहेका लिज वा भाडामा दिएका संरचना

(घ) आबधिक मर्मत समभार अन्तरगत

- फगसिल
- स्लरी सिल
- सर्फेस ड्रेसिड.
- स्याण्ड सिल
- थिन ओभरले
- सडक किनाराको पुनः खण्डास्मिथ
- सडक रंगरोगन कार्य

(ङ.) रोकथाम मूलक मर्मत सम्भार

- सडकको स्लोप काटेर मिलाउने
- नदि नियन्त्रण संरचनाहरुको सम्भार कार्य
- जैविक प्रविधि तथा यसको मर्मत सम्भार

## परिच्छेद-६

## विविध

**१५. कारवाही गरिने :**

क) यस कार्यविधिमा स्वीकृत भई लागु भएपछि नगर क्षेत्रभित्र सम्बन्धित अधिकार प्राप्त अधिकारीले नियमित मर्मत सम्भार नगरेका कारण सार्वजनिक सम्पत्तीको हानी नोक्सानी हुन गएको पाईएमा त्यस्ता कर्मचारलाई कार्यालय प्रमुख वा नगर कार्यपालिकाले आवश्यक कारवाही गर्न सक्नेछ ।

(ख) स्रोत साधनको व्यवस्थापन तथा मेसिन उपकरणहरुको उपलब्धता जस्ता बिषयका कारणसमयमा नै मर्मत सम्भार हुन नसकेको कुरा पृष्टि भएमा अन्य थप कारबाही चलाइने छैन।

**प्रमाणीकरण मिति :** २०७६/०९/२४

**आज्ञाले,**

**लक्ष्मी प्रसाद शर्मा**

**नि.प्रमुख प्रशासकीय अधिकृत**